राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १ २०८२ साउन २ गते शुक्रवार (18 July 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## प्रकाशकीय

# सातौ वर्षमा हाम्रो सन्देश

समाचार दैनिक आज सातौँ वर्षमा प्रवेश गर्दैछ। पहिलो दिनदेखि यथार्थको पक्षमा निर्भीक भएर कलम चलाउँदै आएको हाम्रो यात्रा सजिलो भने कहिल्यै थिएन। पत्रकारिता केवल समाचार लेख्ने काम मात्र होइन, यो असमानता र अन्यायको विरुद्ध आवाज बुलन्द गर्ने सामाजिक अभियान हो। यो यात्रामा हामीले धेरै चुनौतीहरूको सामना गर्‍यौं। प्रविधिको तेज गतिमा आएको क्रान्ति, सत्ताको दबाब, आर्थिक कठिनाइ, र व्यवस्थाबाट पाएको उपेक्षा, तर यिनै कठिनाइले हामीलाई अझ बलियो बनायो।

छ वर्षको अवधिमा हामीले पत्रकारिता क्षेत्रको जटिल यथार्थसँग सामना गर्‍यौं। न्यू मिडियाको बढ्दो प्रभावबीच पनि प्रिन्ट मिडियाप्रति पाठकको भरोसा कायमै रहनु, हाम्रो लागि सबैभन्दा ठूलो प्रेरणा हो। आज डिजिटल प्रविधिले सञ्चार माध्यमलाई सहज बनाइरहे पनि, गम्भीर र विवेचनात्मक समाचारका लागि पाठक अझै प्रिन्ट मिडियामै फर्किन्छन्। यही विश्वासले हामीलाई हाम्रो मार्गमा अडिग बनाएको छ।

तर अहिलेको परिस्थिति सजिलो छैन। तीन तहको सरकार भए पनि कुनै पनि सरकार सञ्चारमाध्यममैत्री बन्ने चाहना राख्दैनन्। बरु, सत्तामा पुगेपछि जनसञ्चारलाई नियन्त्रण गर्ने मनसाय देखिन्छ। पत्रकारलाई डर देखाउने, संस्थालाई आर्थिक रुपमा कमजोर बनाउने र सूचना प्रवाहलाई सीमित गर्ने कार्यहरू भईरहेका छन्। यस्ता गतिविधिले लोकतन्त्र कमजोर हुन्छ भन्ने कुरामा सन्देह छैन।

हामी दलित समुदायबाट सञ्चालित एउटा जिम्मेवार पत्रकारिता संस्थाका रुपमा हाम्रा पाठकमाझ प्रस्तुत भएका छौं। हाम्रो संस्थाको विशेषता भनेकै दलित समुदाय र अन्य वञ्चित वर्गको आवाज उठाउनु हो। मधेश प्रदेशमा दलित र महिलामाथि भइरहेका विभेद, अत्याचार र हिंसाका घटनाहरूप्रति हाम्रो दृष्टि सदैव तिखारिएको छ। यस्ता विषयलाई आम मिडियाले बेवास्ता गरे पनि हामीले आवाज उठाउँदै आएका छौं, तथ्यमा आधारित समाचार प्रकाशित गर्दै आएका छौं।

दलितको पीडा, महिला हिंसा, जातीय भेदभाव, गरिबी र शिक्षाबाट वञ्चित समुदायका मुद्दाहरूलाई हामीले निरन्तर उजागर गर्दै आएका छौं। यो सजिलो काम थिएन, छैन पनि। खासगरी आर्थिक सहयोगको अभाव, विज्ञापनमा गरिने विभेद र राज्य संरचनाबाट पाएको उपेक्षा यस्ता चुनौती हुन् जुन हाम्रा लागि दैनन्दिनका विषय बनेका छन्। तर पाठक वर्गको भरोसा, सहानुभूति र समर्थनले हामीलाई आशावादी बनाइरहेको छ।

छलफल, तथ्य, विश्लेषण र तटस्थता हाम्रो पत्रकारिताको मूल मन्त्र हो। दलित समुदायको हितका विषयलाई निरन्तर प्राथमिकतामा राख्नु, जनचेतनाका कार्यक्रम, अभिमत निर्माण र सार्वजनिक बहसको संयोजन गर्नु हाम्रो लागि गौरवको विषय हो। यस यात्रामा हामीले सत्यको पक्षमा कलम चलाईरहेका छौं, सत्य नै हाम्रो सिद्धान्त हो।

यस अवसरमा हामी हाम्रा सम्पूर्ण पाठक, विज्ञापनदाता, शुभेच्छुक, सल्लाहकार, लेखक, पत्रकार साथीहरू र आलोचकहरूप्रति पनि कृतज्ञता प्रकट गर्न चाहन्छौं। तपाईंहरूको प्रत्यक्ष वा परोक्ष सहयोगबिना यो यात्रा सम्भव थिएन। आलोचनाले सुधारको बाटो देखाउँछ, प्रशंसाले हौसला दिन्छ – हामी दुबैलाई स्वागत गर्छौं। हाम्रो प्रतिवद्धता छ – हामी कहिल्यै पनि बिक्दैनौं, झुक्दैनौं, विचलित हुँदैनौं। सत्यको पक्षमा, निष्पक्ष, निर्भीक र जनताको आवाज बन्ने हाम्रो लक्ष्य अबझन् प्रस्ट हुँदै गएको छ। सातौं वर्षको शुरुवातमा हामी अझ सशक्त, अझ स्पष्ट र अझ प्रतिबद्ध भएर अघि बढ्नेछौं।

अन्तमा, तपाईंहरूकै साथ, विश्वास र समर्थनमा टिक्दै, पत्रकारिताको यो संघर्ष र सेवा यात्रालाई निरन्तरता दिन हामी तयार छौं। सशक्त मिडियाको निर्माणमा हातेमालो गरौं। धन्यवाद !

# मधेशमा वन अतिक्रमणमुक्त अभियान तीव्र

## एक वर्षमै ३० हेक्टर फिर्ता–१६ हजार हेक्टर अझै संकटमा

दैनिक समाचारदाता

जनकपुरधाम, १ साउन। डिभिजन वन कार्यालय, धनुषाले जिल्लाको विभिन्न क्षेत्रमा फैलिएको अतिक्रमणविरुद्ध कडा कदम चाल्दै ३० हेक्टर अतिक्रमित वन क्षेत्र खाली गराएको छ। अवैध रूपमा बनाइएका घरटहरा, खेतीपाती र बाली हटाएर सरकारी स्वामित्वको जमिन फिर्ता लिइएको हो।



डिभिजन प्रमुख विनोद सिंहका अनुसार, एक वर्षको अवधिमा ३० हेक्टर क्षेत्र अतिक्रमणमुक्त गरिएको छ। खाली गराइएको जमिनमा अहिले वृक्षारोपण गरिएको छ भने तारजालीले घेरेर सुरक्षा व्यवस्था पनि मिलाइएको छ।

तर सिंहका अनुसार, धनुषा जिल्लामै अझै पनि ८४२ हेक्टर वन जमिन अतिक्रमणको चपेटामा छ। बाँकी जमिन पनि चरणबद्ध रूपमा खाली गरिने योजना रहेको उहाँले जानकारी दिनुभयो। “स्थानीय प्रशासन, सुरक्षा निकाय तथा अन्य सरोकारवालासँगको समन्वयमा अभियान अघि बढाइनेछ,” उहाँले भन्नुभयो।

वन निर्देशनालय, मधेश प्रदेशका अनुसार आर्थिक वर्ष २०८१/०८२ मा मधेशभर ४४२ हेक्टर अतिक्रमित वन जमिन खाली गराइएको छ। जिल्लागत विवरण अनुसार, सर्लाहीमा सबैभन्दा बढी १७५ हेक्टर, सप्तरीमा १११, बारामा ५४, पर्सामा ४५, रौतहटमा १२, सिराहामा १०, र महोत्तरीमा तीन हेक्टर जमिन अतिक्रमणमुक्त गरिएको छ। यद्यपि, अहिलेसम्म मधेश प्रदेशमा कूल १६ हजार ५९९ हेक्टर वन जमिन अझै अतिक्रमणमा छ, जुन चिन्ताजनक स्थिति हो। वन क्षेत्रको सीमितता र अतिक्रमणको यो बढ्दो प्रवृत्तिले प्रदेशको पारिस्थितिक सन्तुलनमा गम्भीर असर पार्न थालेको छ।

मधेश प्रदेशका वन तथा वातावरण मन्त्री सञ्जयकुमार यादवले वन अतिक्रमणमुक्त अभियानमा प्रदेश सरकार गम्भीर रहेको बताउँदै भन्नुभयो, “वन क्षेत्र संरक्षणमा हामी दृढ छौं। प्रशासनिक संयन्त्रसँगै राजनीतिक दलहरूसँग पनि समन्वय गरेर अघि बढिरहेका छौं।”

त्यस्तै, मन्त्रालयका सचिव उद्धवबहादुर घिमिरेले आठवटै जिल्लाका डिभिजन वन कार्यालयहरूलाई अभियानमा उच्च सक्रियताका साथ परिचालन गरिएको जानकारी दिनुभयो। “हामी नीति, स्रोत र जनशक्तिको संयोजन गर्दै परिणाममुखी कार्यमा केन्द्रित छौं,” उहाँले स्पष्ट पार्नुभयो।

वन निर्देशनालयका निर्देशक जगन्नाथ जैसवालले भने अतिक्रमणविरुद्धको लडाइँ वन प्रशासनले मात्र लड्न नसक्ने स्पष्ट पार्नुभयो। “स्थानीय तह, प्रशासन र जनप्रतिनिधिको पहलकदमीबिना दीर्घकालीन समाधान सम्भव छैन,” उहाँले भन्नुभयो। साथै, उहाँले वन विनाशका कारण जैविक विविधता ह्रास, माटोको क्षय, जलस्रोत सुक्ने र प्राकृतिक प्रकोपको जोखिम बढेको उल्लेख गर्नुभयो। नेपालको करिब ४५ प्रतिशत भू-भाग वनले ढाकिएको भए तापनि मधेश प्रदेशमा मात्र ३.७२ प्रतिशत क्षेत्र वनभूमि रहेको छ। यहाँ झन्डै दुई लाख दुई हजार २०२ हेक्टर वन क्षेत्र भए पनि १३६ स्थानीय तहहरूमध्ये ८९ वटामा वन क्षेत्र शून्य छ।

वन संरक्षणको सन्दर्भमा मधेश प्रदेशको भौगोलिक, जनघनत्व र विकासजन्य चुनौतीलाई मध्यनजर गर्दै दीर्घकालीन नीति निर्माण, स्थानीयस्तरमा जनचेतना अभिवृद्धि र वैकल्पिक जीवनशैलीको प्रवर्धन अत्यन्त आवश्यक देखिन्छ। वन संरक्षण अब पर्यावरणीय विकल्प होइन, अस्तित्व र भविष्यको आधार बन्ने स्थितिमा पुगेको छ।

अनलाइनमा समाचार पढ्नका लागि टाइप गर्नु
www.esamachardainik.com

# उच्च अदालत जनकपुरद्वारा ६६ प्रतिशतबढी मुद्दा फछ्र्योट

दैनिक समाचारदाता

जनकपुरधाम, १ साउन। उच्च अदालत जनकपुरले गत आर्थिक वर्षमा ६६.०५ प्रतिशत मुद्दा फछ्र्यौट गरेको जनाएको छ।

बिहीबार जनकपुरधाममा पत्रकार सम्मेलनमार्फत उच्च अदालत जनकपुरका कायम मुकायम न्यायाधीश महेन्द्र नाथ उपाध्यायले गत आर्थिक वर्षमा फछ्र्यौट भएका मुद्दाहरुको तथ्यांक सार्वजनिक गरेका छन्।

सार्वजनिक गरिएको तथ्यांकका अनुसार हिजो(असार) ३२ गत्तेसम्म कुल ६६७८ मुद्दा रहेकोमा उच्च अदालतले ४४११ वटा मुद्दा फछ्र्यौट गरेको छ। यो संख्या उच्च अदालतले लिएको लक्ष्य भन्दा बढी रहेको न्यायाधीश उपाध्यायले जानकारी दिए। उनका उनुसार अब बाँकी रहेको मुद्दाको संख्या २२६७ रहेको छ।

गत आर्थिक वर्षमा पुनरावेदन दुनियावादी देवानी मुद्दा जम्मा १८६५ रहेकोमा उच्च अदालतले ११३७ वटा मुद्दा फछ्र्यौट गरेको छ। त्यस्तै, पुनरावेदन दुनियाँवादी फौजदारी मुद्दा जम्मा ४४५ वटा रहेकोमा उच्च अदालतले २१५ वटा मुद्दा फछ्र्यौट गरेको छ।

त्यस्तै, पुनरावेदन सरकावादी फौजदारी मुद्दा जम्मा १६०७ वटा रहेकोमा १००३ वटा मुद्दा फछ्र्यौट गरिएको छ। उच्च अदालत जनकपुरले बन्दी प्रत्यक्षीकरण सम्बन्धी जम्मा २५ वटा मुद्दा परेकामध्ये १०० प्रतिसत अर्थात २५ वटै मुद्दा फछ्र्यौट गरेको छ।

यता परमादेश सम्बन्धी ५२९ वटा मुद्दा रहेकोमा उच्च अदालतले ४०३ वटा मुद्दा फछ्र्यौट गर्न सफल भएको छ। त्यस्तै, उत्प्रेषण सम्बन्धी जम्मा ३०४ वटा मुद्दा दर्ता भएकामध्ये १९५ वटा मुद्दा फछ्र्यौट भएको छ। त्यस्तै, प्रतिषेध सम्बन्धी ५० वटा मुद्दा दर्ता भएकोमध्ये उच्च अदालत जनकपुरले ३३ वटा मुद्दा फछ्र्यौट भएको छ।

यसैगरि अधिकारपृच्छा सम्बन्धी १३ वटा मुद्दा दर्ता भएकामध्ये उच्च अदालत जनकपुरले ७ वटा मुद्दा फछ्र्यौट गरेको छ।

न्यायाधीश उपाध्यायका अनुसार १८ महिना भित्र सिध्याउनु पर्ने मुद्दा एउटा पनि नरहेको छ।

## हेपाटाइटिस रोगबाट बचौं

- हेपाटाइटिस कलेजोमा हुने एक प्रकारको संक्रमण हो,
- यस्तो संक्रमणले कलेजो बिग्रन सक्छ,
- हेपाटाइटिस A, B, C, D, र E गरी पाँच प्रकारका हुन्छन्

**यसका लक्षणहरू:**

- थकान महसुस हुने,
- पेट दुख्ने,
- आँखाको सेतो भाग पहेँलो हुने (जन्डिस देखिने),
- वान्ता वा खानामा अरुचि हुने,
- तौल घट्ने जस्ता लक्षण देखिन सक्छन्।

**हेपाटाइटिसबाट बच्न:**

- सफा पानी पिउने,
- स्वच्छ खाना खाने,
- हेपाटाइटिस विरुद्धको खोप लगाउने,
- संक्रमितको रगत तथा सुईबाट टाढा रहने
- सुरक्षित यौन सम्पर्क गर्ने।

“हेपाटाइटिस रोकथाम गरौं, जीवन जोगाऔं”

नेपाल सरकार
**विज्ञापन बोर्ड**



## सम्पादकीय

# सामाजिक सुरक्षाको नयाँ दिशातर्फ मधेश सरकारको बीमा पहल

मधेश प्रदेश सरकारले 'मुख्यमन्त्री सुरक्षित आवास बीमा' र 'नागरिक दुर्घटना बीमा' कार्यक्रम सार्वजनिक गरी सामाजिक सुरक्षाको क्षेत्रमा ऐतिहासिक पहल थालेको छ । यी बीमा योजनाहरू मधेशका जनताको जीवनमा राहत र भरोसा दिने प्रयत्नको प्रारम्भिक रूप हुन् । विकासका भौतिक मापकहरू जति भए पनि, नागरिकको जीवन र सुरक्षालाई केन्द्रमा नराखी कुनै पनि शासन प्रणालीले जनउत्तरदायी स्वरूप लिन सक्दैन । यस सन्दर्भमा प्रदेश सरकारले चालेको यो कदम अत्यन्त स्वागतयोग्य छ ।

प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद जयसवालद्वारा सार्वजनिक रूपमा घोषणा गरिएका यी कार्यक्रमहरूमा एउटा कार्यक्रम दुर्घटनामा परेर ज्यान गुमाउने व्यक्तिका परिवारलाई प्रतिव्यक्ति १० लाख रुपैयाँसम्मको बीमा उपलब्ध गराउनेछ भने अर्को कार्यक्रमले आगलागी, बाढी, हावाहुरी, चट्याङ, भूकम्पजस्ता प्राकृतिक विपत्तिबाट घरमा क्षति भएमा १ लाखदेखि ५ लाख २५ हजार रुपैयाँसम्मको क्षतिपूर्ति दिनेछ । यी कार्यक्रमहरूको लक्षित वर्ग विपन्न, श्रमिक, किसान, मजदुर तथा जोखिममा परेका नागरिकहरू हुन्। यसले सामाजिक न्याय, सहकार्य र राज्यको संवेदनशीलतालाई झल्काउँछ ।

यस्ता बीमा कार्यक्रमले राज्य र नागरिकबीचको दूरी घटाउने काम गर्छन् । राज्य केवल कानुन र संरचनाको संकलन होइन, नागरिक जीवनको सहयात्री पनि हो भन्ने भावनालाई मूर्तरूप दिने खालका नीति हुन् यी । जब सरकारले नागरिकको पीडामा हात थाप्छ, तब मात्र राज्यप्रति जनताको भरोसा मजबुत बन्छ ।

तर सकारात्मक नियतसहित सुरु गरिएका कुनै पनि कार्यक्रमको सफलता त्यसको कार्यान्वयनमै निर्भर हुन्छ । मधेशमा अघिल्ला वर्षहरूमा देखिएका राहत वितरणका अनियमितता, ढिलासुस्ती, र कार्यान्वयनमा देखिएको लापरवाहीले जनताको आस्था कमजोर बनाएको थियो । त्यसैले, यसपटक बीमा योजनाहरूलाई प्रभावकारी र पारदर्शी बनाउने कार्य सम्पूर्ण सरकारी संयन्त्रको जिम्मेवारी बन्न आउँछ ।

प्रदेश सरकारले स्थानीय तह, जिल्ला प्रशासन र समाज कल्याण कार्यालयलाई समन्वयात्मक भूमिकामा राख्ने भनेको छ, जुन सही दृष्टिकोण हो । तर, कार्यान्वयनमा केवल निर्देशन होइन, प्रशिक्षण, स्रोत(साधनको सुनिश्चितता, सूचना प्रवाहको पारदर्शिता र जनचेतनाको विस्तार पनि अनिवार्य हुन्छ। गाउँगाउँका नागरिकले यी योजनाको अस्तित्व र प्रक्रियाबारे थाहा नपाउने हो भने, यसका लाभ कागजमा सीमित हुन सक्छन्। त्यसैले व्यापक जनसञ्चार अभियान, बीमा दावी प्रक्रियाको सरलीकरण, र गुनासो सुन्ने संयन्त्रको सुदृढीकरण अपरिहार्य छ ।

यी योजनाले विपद्पछिको पुनःस्थापनामा राहत मात्र होइन, आशाको आभास पनि दिनेछन्। एउटा घर बग्दा वा जीवन गुम्दा, केही आर्थिक सहायता उपलब्ध हुनु पीडित परिवारका लागि आत्मबल जगाउने खुराक हुन सक्छ। समाजको निम्न तहमा रहेका जनताको जीवनमा बीमा जस्तो सुरक्षात्मक नीति लागू गर्नु, राज्यप्रति उनीहरूलाई अपनत्व दिलाउने उपाय हो।

यी कार्यक्रमहरू चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा उल्लेख गरिएको सामाजिक सुरक्षाको प्राथमिकताको स्पष्ट कार्यान्वयन हुन्। यो क्रम यसैगरी अघि बढ्दै गयो भने मधेश प्रदेश नागरिक कल्याणको क्षेत्रमा नयाँ मानक स्थापित गर्न सक्छ।

समग्रमा, मधेश सरकारले चालेको यो बीमा कार्यक्रम सामाजिक सुरक्षा र न्यायप्रति उत्तरदायी राज्य निर्माणतर्फको एक सशक्त पाइला हो। अब प्रश्न कार्यान्वयनको ईमानदारी र प्रभावकारितामा छ। यो पहल न केवल प्रदेशका नागरिकको सुरक्षाको ग्यारेन्टी हो, यो राज्य(नागरिक सम्बन्धमा विश्वासको पुनःस्थापनाको आधार पनि बन्न सक्छ ।

# देशको समृद्धिमा इन्जिनियरको भूमिका



अन्तिम प्रसिद्ध धिताल

नेपाल विकासोन्मुख मुलुक हो र यसको समृद्धिको मूल चाबी भनेको पूर्वाधार निर्माण हो । पूर्वाधारको कुरा गर्दा इन्जिनियरिङ आफैँमा त्यो मेरुदण्ड हो, जसले राष्ट्रको भौतिक, सामाजिक र आर्थिक विकासलाई सन्तुलित बनाउँछ । नेपाली समाजमा इन्जिनियरको योगदानको यथोचित मूल्याङ्कन, विश्लेषण र सम्मान गर्ने अवसरका रूपमा इन्जिनियरिङ दिवस (साउन ३) लाई लिने गरिन्छ । इन्जिनियरिङको औपचारिक इतिहास नेपालमा त्यति पुरानो नभए पनि यसको भूमिका आजका दिनमा झन् महत्त्वपूर्ण बन्दै गएको छ ।

राणाशासनकालमा नेपालमा प्राविधिक शिक्षाको अभाव थियो । त्यसबेला भारतका विभिन्न राज्यबाट ल्याइएका प्राविधिक जनशक्तिहरूले भवन, सडक, पुल आदि निर्माणमा काम गर्थे । यी कर्मचारीलाई 'बाबु साहेब' वा 'ओभरसियर साहेब' भनेर चिनिन्थ्यो । सन् १९५० पछि अन्तर्राष्ट्रिय सहयोग विस्तारसँगै नेपालले स्वदेशी इन्जिनियर उत्पादन गर्नुपर्ने खाँचो महसुस गर्‍यो । यसै क्रममा २०२९ सालमा नेपाल इन्जिनियरिङ इन्स्टिच्युट स्थापना भयो भने २०३५ सालमा पुल्चोक इन्जिनियरिङ क्याम्पसको सुरुवात गरियो, जसले नेपाली इन्जिनियर उत्पादनको मुख्य आधारशिला बन्यो ।

आजको दिनमा नेपालमा करिब आठ हजारदेखि १० हजार इन्जिनियर हरेक वर्ष उत्पादन भइरहेका छन् । विभिन्न कलेजहरूबाट इन्जिनियरिङ शिक्षा प्रदान गरिँदै छ । यति ठुलो संख्यामा दक्ष जनशक्ति उत्पादन हुँदाहुँदै पनि रोजगारी, प्रयोगशाला अभ्यास, बजारमा सीपको प्रयोग र राष्ट्रिय योजनामा सहभागिताको सन्दर्भमा गम्भीर खाडल देखिन्छ ।

'नेपाल इन्जिनियर्स एसोसिएसन' (एनईए) को स्थापना २०३१ सालमा भएको हो । यस संस्थाले इन्जिनियरहरूको पेसागत हित संरक्षण गर्ने, नीति-निर्माणमा आवाज उठाउने तथा प्रविधिको प्रयोग र अनुसन्धान प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ । यद्यपि यो संस्था अझै ७० हजारभन्दा बढी इन्जिनियरको वास्तविक प्रतिनिधि बन्न सकिरहेको छैन भन्ने गुनासो व्यापक छ । संगठनको राजनीतीकरण, पारदर्शिताको अभाव र नवप्रवर्तनमा नेतृत्व दिन नसक्नु संस्थाको प्रभावकारितामाथि प्रश्न उठाउने कारक बनेका छन् ।

२०७२ सालको भूकम्पले नेपालमा संरचनात्मक कमजोरी कति भयावह छ भन्ने उजागर गरिदियो । लाखौँ संरचना भत्किए, हजारौँ मानिसले ज्यान गुमाए । पूर्वतयारीविना बनाइएका संरचना, भूकम्प प्रतिरोधी प्रविधिको अभाव र जोखिमपूर्ण क्षेत्रमा बसोबासका कारण क्षति झन् बढेको हो । पहाडमा भू-स्खलन, तराईमा बाढी र कटान, हिमालमा पहुँचको अभावजस्ता समस्या अहिले पनि उत्तिकै छन् । यस्ता समस्याले एकीकृत र दिगो पूर्वाधार विकासलाई अवरुद्ध बनाइरहेका छन् ।

दोस्रो महत्त्वपूर्ण पक्ष हो, सहरीकरण । नेपालको सहरी क्षेत्रहरू अनियन्त्रित रूपमा फैलिँदै छन् । सडकहरू साँघुरा छन्, भवनहरू योजना र कानुनविपरीत बनेका छन्, तथा पानी निकास र फोहोर व्यवस्थापन अत्यन्त कमजोर छ । यी सबै समस्याले नगरहरूलाई अव्यवस्थित बनाइरहेका छन्, जहाँ साना समस्याले पनि ठुलो संकट निम्त्याउन सक्छ ।

तेस्रो प्रमुख समस्या हो– शिक्षा र रोजगारबिचको असन्तुलन । यति धेरै इन्जिनियर उत्पादन हुँदाहुँदै पनि उनीहरूका लागि पर्याप्त रोजगारी छैन । परीक्षणका नाममा थोरैजना मात्र सरकारी सेवामा प्रवेश गर्छन्; बाँकीका लागि न निजी क्षेत्रमा अवसर छ, न त उद्यमशीलताको वातावरण । यसकारण धेरै दक्ष जनशक्ति विदेश पलायन भइरहेका छन् । सीप र अवसरबिचको असन्तुलन, व्यावहारिक अभ्यासको अभाव र प्रेरणा नभएको शिक्षा प्रणालीले स्थिति झनै गम्भीर बनाएको छ ।

यस चुनौतीपूर्ण अवस्थामा नवप्रवर्तन र प्रविधिले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । आजको युग केवल भवन, सडक वा पुल निर्माणको होइन स्मार्ट, लचिलो र दिगो इन्जिनियरिङको युग हो यो । भूकम्प प्रतिरोधी संरचना बनाउने प्रविधिको प्रयोग अब केवल वैकल्पिक होइन अनिवार्य बन्नुपर्छ । भवन निर्माणमा स्थानीय सामग्रीको वैज्ञानिक प्रयोग, आधुनिक डिजाइन सफ्टवेयरको प्रयोग र प्रविधिमैत्री वातावरण बनाउनु अब इन्जिनियरको प्रमुख कर्तव्य बनेको छ ।

सहरहरू पनि अब इँटा र ढुंगाका संरचना मात्रै होइनन्, ती स्मार्ट प्रणालीद्वारा सञ्चालित हुन थालेका छन् । डिजिटल ट्राफिक लाइट, 'जीआईएस'मा आधारित मास्टर प्लान, स्मार्ट कचरा व्यवस्थापन, सार्वजनिक सेवाको डिजिटल प्रवाह- यी सबै कुरा नेपालमा पनि सुरु भइसकेका छन् । स्मार्ट सहरको अवधारणाले ट्राफिक जाम, प्रदूषण र आपतकालीन क्षतिको न्यूनीकरणमा सहयोग पुर्‍याउँछ ।

त्यस्तै, हरित प्रविधिको प्रयोग पनि अपरिहार्य बनिरहेको छ । जलवायु परिवर्तनको प्रत्यक्ष असर नेपाली समाजमा देखिँदै गएको छ । यस्तो अवस्थामा सोलार प्यानल, बायोग्यास, माइक्रो हाइड्रोजस्ता वैकल्पिक ऊर्जा स्रोतको प्रयोग, सेन्सर आधारित सिँचाइ प्रणाली, ड्रोन प्रविधिमा आधारित कृषि प्रविधिको प्रयोगले ग्रामीण विकास र आत्मनिर्भरतातर्फ नयाँ बाटो खोल्न सक्छ ।

अन्ततः नीति, प्रविधि र कार्यान्वयनबिचको समन्वय नै समृद्धिको सूत्र हो । नेपालको नीति निर्माणमा प्रविधिको प्रतिनिधित्व नगर्ने परिपाटी छ । इन्जिनियर परामर्शदाताको हैसियतमा समावेश नभईकन बनाइने योजना व्यावहारिक हुन सक्दैनन् । त्यस्तै, सरकारी योजनामा युवा इन्जिनियरको सहभागिता अनिवार्य गरिनु आवश्यक छ ताकि नवप्रवर्तनात्मक सोच योजनामा समाहित होस् ।

नेपाल इन्जिनियर्स एसोसिएसनले पनि अब आफ्नो संरचनात्मक रूपान्तरण गर्न आवश्यक छ । राजनीतिक छायाबाट मुक्त हुँदै यो संस्था इन्जिनियरको सोच, प्रविधिको नेतृत्व र नवप्रवर्तनको केन्द्र बन्न सक्नुपर्छ । सदस्यता विस्तार, पारदर्शी संरचना र सार्वजनिक जवाफदेहिता यसको पहिलो प्राथमिकता हुनुपर्छ ।

६३औँ इन्जिनियरिङ दिवस केवल अतीतको सम्झना होइन, यो भविष्यको दृष्टिकोण निर्माण गर्ने, नवप्रवर्तनलाई आत्मसात् गर्ने र प्रविधिमा आधारित समृद्ध राष्ट्र निर्माणको संकल्प गर्ने दिन हो । आजको नेपाललाई केवल संरचना निर्माण गर्ने इन्जिनियर होइन दृष्टिकोण निर्माण गर्ने इन्जिनियर चाहिएको छ । हामी नक्सा बनाउने मात्र होइन नयाँ सम्भावनाको मार्गचित्र बनाउने इन्जिनियर बन्नुपर्ने समय आएको छ ।

इन्जिनियरिङ दिवसले हामीलाई सम्झाउँछ, नवप्रवर्तनको आत्मा, प्रविधिको साहस र राष्ट्रप्रेमको समर्पणको समिश्रण नै इन्जिनियर हो । यो दिवस हाम्रो आत्मसमर्पण, समर्पण र प्रतिबद्धताको दस्तावेज

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

समाचार दैनिक

## पत्रकारिताको तीन दशकको यात्रा :

# श्रीनारायण साहको संघर्ष, अनुभव र चिन्ता



कैलास दास

जनकपुरधाम । तीन दशकभन्दा बढी समयदेखि पत्रकारिता क्षेत्रमा निरन्तर सक्रिय श्रीनारायण साह आजको पत्रकारिताको अवस्था देखेर चिन्तित छन् । २०४८ सालमा मास्टर डिग्री हासिल गरी जोस, जाँगर र राष्ट्रसेवाको भावना बोकेर पत्रकारितामा प्रवेश गरेका उनी आज पनि एउटा क्यामरा काँधमा बोकेर



विभिन्न कार्यक्रमको रिपोर्टिङका लागि दौडिरहन्छन् ।

प्रजातन्त्रको पुनःस्थापनादेखि माओवादी द्वन्द्व, लोकतान्त्रिक आन्दोलन हुँदै गणतन्त्र स्थापनासम्म उनले कलम चलाएका छन् । उनी विगत र वर्तमान पत्रकारिताबीचको अन्तरबारे अनुभव बाँड्दै भन्छन्, "पहिले रिपोर्टिङ गर्न सवारी साधन थिएन, समाचार लेख्न उपकरण थिएनन्, तर इमान्दार पत्रकारिता थियो । समाजमा पत्रकारको मर्यादा उच्च थियो, नागरिक समाज समाचारलाई गम्भीर रूपमा लिन्थ्यो र प्रशासन पनि पत्रकारको लेखनीलाई ध्यानपूर्वक हेर्थ्यो ।"

अहिले भने त्यो अवस्था नरहेको साह बताउँछन् । उनका अनुसार पहिले पत्रकारहरूले घटनास्थलमै पुगेर प्रत्यक्ष रिपोर्टिङ गर्थे, एकै घटनाको समाचार पत्रकार-पत्रकारबीच मेल खाँदैनथ्यो, किनभने सबैको दृष्टिकोण फरक र स्वतन्त्र हुन्थ्यो । "सत्यको पक्षमा खडा हुने पत्रकारिता थियो । अभाव थियो, तर सकुन थियो", साह स्मरण गर्छन् ।



श्रीनारायण साहका अनुसार, २०४८ सालमा पत्रकारिता सुरु गर्दा उनलाई आफ्नो साला रविन्द्र साहले ठूलो प्रेरणा दिएका थिए । जनकपुरधाम उपमहानगरपालिका-१६ अन्तर्गत पर्ने कपिलेश्वर गाउँ निवासी साह भन्छन्, "त्यो बेलामा औंलामा गन्न सकिने मधेसी पत्रकार थिए, मेरो गाउँमा पत्रकार थिए तर सबै पहाडी समुदायका–कुलदीप प्रसाद कुमुद, मेघप्रसाद उपाध्याय र चन्देश्वर गिरी ।"

उनले 'लोकमत साप्ताहिक' बाट पत्रकारिता यात्रा सुरु गरेका थिए । आफैं पत्रकार, आफैं हाकर बन्नुपर्ने त्यो समय सम्झँदै उनी भन्छन्, "छ महिनामै सह-सम्पादक बनें, त्यसपछि काठमाडौबाट प्रकाशन हुने साप्ताहिक 'विमर्श' मा काम गर्न थालें ।"

२०४८ देखि २०५४ सालसम्मको समयलाई उनी नेपाली पत्रकारिताको सबैभन्दा चुनौतीपूर्ण कालखण्ड मान्छन् । समाचार प्रकाशित भएसँगै प्रशासन र नेताहरूको धाकधम्की आउनु सामान्य थियो, तर नागरिक समाज पत्रकारको पक्षमा उभिन्थ्यो । साह भन्छन्, "त्यही जनताको विश्वास नै मेरो पूँजी बन्यो ।"

'विमर्श साप्ताहिक' मा छापिएको उनको समाचार "मकेश्वर सिंहको मकै चपाई" ले जनकपुरमा खैलाबैला मच्चाएको सम्झना उनी अझै गर्वका साथ गर्छन् । "समाचार भ्रष्टाचारविरुद्ध थियो, मलाई धम्की र मानसिक पीडा पनि सहनु पर्‍यो, तर समाचारबाट जनचेतना फैलिएको महसुस हुँदा पहिलोपटक पत्रकारिताको प्रभाव देखें," उनी भन्छन् ।

> **कलम बेचिएको छ, प्रहरी प्रशासन पनि मौन छ। पत्रकारिता अब जनकल्याण होइन, व्यक्तिगत स्वार्थमा केन्दित देखिन्छ। यदि यथास्थिति ज्यूँ का त्यूँ रहयो भने, पत्रकारिता गम्भीर संकटतर्फ जान सक्छ।**

त्यसपछि पत्रकारिता प्रति उनको समर्पण अझ बढ्यो । घरका आमाबाबु सरकारी जागिरको अपेक्षामा थिए, तर साहको मन पत्रकारितातिर मोडिइसकेको थियो । उनले आधा दर्जन साप्ताहिक पत्रिकामा काम गरे, उनका समाचारलाई विशेष प्राथमिकतासाथ छापिन्थ्यो । रविन्द्र साहजस्ता क्रान्तिकारी पत्रकारबाट प्रभावित साह आज पनि रिपोर्टिङमा उस्तै जोश देखाउँछन् ।

अहिलेको पत्रकारिताको अवस्था देखेर उनी चिन्तित छन् । "पहिले मर्यादित पत्रकारिता हुन्थ्यो, कमाइभन्दा मान र मर्यादा ठुलो थियो", साह भन्छन्, "तर अहिले पत्रकारिता पैसा कमाउने माध्यम बनेको छ । जनकल्याण होइन, व्यक्तिगत स्वार्थका लागि कलम चलाइन्छ ।" उनले थपे, "अब पत्रकारिता मिसन होइन, 'कमिशन' बन्दै गएको छ । पत्रकारिताको नाममा भजाउने काम भइरहेको छ । यसमा पत्रकार मात्र होइन, प्रहरी प्रशासनजस्ता अंगहरूको पनि उदासीनता जिम्मेवार छ ।"

उनले पुरुषोत्तम दाहाल सम्पादक रहेको नेपालवाणी साप्ताहिक, श्रीरिष बल्लभ प्रधानद्वारा प्रकाशित जन्मभूमि, विश्वदीप साप्ताहिक, अन्नपूर्ण पोस्ट, राजधानी दैनिक, आजको समाचार, रासस, गोरखापत्र, हिमालय टाइम्स लगायत राष्ट्रिय मिडियामा काम गरिसकेका छन् । २०५४ सालमा नेपाल टेलिभिजनमा महोत्तरी संवाददाताका रूपमा काम सुरु गरेका साह अहिले पनि नेपाल टेलिभिजनमै कार्यरत छन् । २०५४ सालमै उनले विदेहभूमि मासिक पत्रिका दर्ता गरेका थिए, यद्यपि त्यसलाई निरन्तरता दिन सकेनन् । पत्रकारिताबाट कमाउने उद्देश्य कहिल्यै थिएन भन्ने साह भन्छन्, "पत्रकारिता जनतालाई सचेत बनाउने, अधिकारको चेतना जगाउने र राज्यलाई सही मार्गदर्शन दिने माध्यम हो, तर अहिलेको अवस्था देख्दा डर लाग्छ, भविष्य अन्धकारमय बन्ने खतरा देखिन्छ ।" श्रीनारायण साहको जीवनयात्रा नेपाली पत्रकारिताको ऐतिहासिक दस्तावेज हो, जसले समर्पण, साहस, संघर्ष र स्वतन्त्रताको गहिरो सन्देश दिन्छ ।

# अलास्कामा ७.३ म्याग्निच्युडको भूकम्प

लस एन्जेलस, १ साउन । बुधबार अमेरिकी राज्य अलास्काको तटमा ७.३ म्याग्निच्युडको भूकम्प गएको छ । भूकम्पले सुनामी चेतावनी जारी समेत गरेको थियो । तर



पछि फिर्ता लिइएको अमेरिकी भूगर्भीय सर्वेक्षण (युएसजिएस) ले जनाएको छ ।

भूकम्प स्थानीय समय दिउँसो करिब १२:३७ बजे (२०:३७ जिएमटी) गएको थियो । यसको केन्द्रविन्दु स्यान्ड पोइन्ट टापुको सहरबाट करिब ५४ माइल (८७ किलोमिटर) दक्षिणमा अवस्थित थियो । भूकम्पको केन्द्रविन्दु १२.५ माइलको गहिराइमा रहेको थियो ।

अधिकारीहरूले भूकम्पपछि सुरुमा दक्षिण अलास्का र अलास्का प्रायद्वीपका लागि सुनामी चेतावनी जारी गरेका थिए । "दक्षिण अलास्का र अलास्का प्रायद्वीपका तटीय क्षेत्रहरूका लागि सुनामी सल्लाह रद्द गरिएको छ", भूकम्पको करिब दुई घण्टापछि जारी गरिएको सन्देशमा राष्ट्रिय सुनामी चेतावनी केन्द्र (एनटिडब्लुसी) ले जनाएको छ ।

युएसजिएसका अनुसार प्रारम्भिक भूकम्पपछि एक दर्जनभन्दा बढी पराकम्पनहरूको समूह आएको थियो । तीमध्ये सबैभन्दा ठुलो ५.२ म्याग्निच्युड मापन गरिएको थियो ।

सुनामी चेतावनी र सल्लाह अलास्काको तटका क्षेत्रहरूका लागि मात्र जारी गरिएको र थप क्षेत्रहरू अप्रभावित रहेको एनटिडब्लुसीले जनाएको छ । स्यान्ड पोइन्टमा अधिकतम शून्य दशमलमव दुई फिट (६.१ सेन्टिमिटर) उचाइको सुनामी अवलोकन गरिएको थियो ।

"स्थानीय आपत्कालीन अधिकारीहरूले सुरक्षित भएको सङ्केत नगरेसम्म खतरा क्षेत्रहरूमा पुनः बसोवास नगर्नुहोस", एनटिडब्लुसीले उल्लेख गरेको छ ।

अलास्का भूकम्पीय रूपमा सक्रिय प्रशान्त रिङ अफ फायरको साथमा अवस्थित छ । सन् १९६४ मार्चमा ९।२ म्याग्निच्युडको भूकम्प गएको थियो । यो उत्तर अमेरिकामा रेकर्ड गरिएको अहिलेसम्मकै सबैभन्दा शक्तिशाली थियो ।

उक्त भूकम्पले सुनामी निम्त्याएको थियो र एन्कोरेज सहरलाई ध्वस्त पारेको थियो भने अलास्काको खाडी, अमेरिकाको पश्चिमी तट र हवाईमा प्रहार गरेको थियो । भूकम्प र सुनामीबाट धेरैको मृत्यु भएको थियो भने ४० करोड डलरभन्दा बढीको सम्पत्ति नोक्सान भएको थियो ।

सन् २०२३ जुलाईमा अलास्का प्रायद्वीपमा ७.२ म्याग्निच्युडको भूकम्प गएको थियो । रासस

# विश्व प्रेस काउन्सिलको उपाध्यक्षमा नेपालका श्रेष्ठ



काठमाडौं, १ साउन । प्रेस काउन्सिल, नेपालका पूर्व अध्यक्ष किशोर श्रेष्ठ विश्व प्रेस काउन्सिलको उपाध्यक्ष चयन हुनुभएको छ ।

अफ्रिकी मुलुक ताञ्जानियामा जारी काउन्सिलको शिखर सम्मेलनबाट उहाँ उपाध्यक्ष निर्वाचित हुनुभएको हो । श्रेष्ठ विश्व प्रेस काउन्सिलको निवर्तमान महासचिवसमेत हुनुहुन्छ । काउन्सिलको आगामी तीन वर्षका लागि सर्वसम्मतिबाट नयाँ नेतृत्व चयन भएको हो । यद्यपि, चुनावका सम्पूर्ण प्रक्रिया पूरा गरिएको नवनिर्वाचित उपाध्यक्ष श्रेष्ठले बताउनुभयो ।

नेपालको प्रतिनिधित्व गर्नुभएका श्रेष्ठको प्रस्तावकमा भारतीय प्रेस काउन्सिलका प्रतिनिधि सुधीरकुमार पण्डा तथा समर्थकमा जिम्बाब्वेका लफ्टी दुबे, म्यान्मारका डा तिन तुन ओ, कोसोभोका इब्राहिम अर्सलान र तान्जानियाका काजुबी मुकाजाङ्गा रहनुभएको थियो ।

काउन्सिल अध्यक्षमा डेभिड ओम्ओयो (केन्या) र अर्का उपाध्यक्षमा अली हान्सेर्ली ( साइप्रस) निर्वाचित हुनुभएको छ । यस्तै, तान्जानियाका अर्नेस्ट साम्सोन सुङ्गुरा महासचिवको जिम्मेवारीमा आउँदा टर्कीका तामेर अताबारुत कोषाध्यक्ष हुनुभएको छ ।

अन्तरराष्ट्रिय सम्पर्क संयोजकमा भारतका सिके नायक र तान्जानियाका जियादा किलोबो छानिनुभएको जनाइएको छ ।

सोमबारदेखि तान्जानियाको आरुसामा भइरहेको काउन्सिलको विश्व सम्मेलन शुक्रबार समापन हुँदैछ । सम्मेलनमा नेपालसहित २७ राष्ट्रका प्रतिनिधिको सहभागिता रहेको छ । रासस

# नीति शाह मधेश युनाइटेडको ब्राण्ड एम्बेसडर

दैनिक समाचारदाता

काठमाडौँ, १ साउन । मधेश युनाइटेडले मोडल तथा अभिनेत्री नीति शाहलाई दोस्रो संस्करणमो एभरेस्ट महिला भलिबल लिग ( इडब्लुभिएल) का लागि ब्रान्ड एम्बेसडर नियुक्त गरेको छ।

मधेशले बिहीबार अभिनेत्री शाहलाई ब्रान्ड एम्बेसडर घोषणा गरेको हो । शाहले ब्रान्ड एम्बेसडरको रूपमा मधेश युनाइटेडमा आबद्ध हुन पाउँदा खुसी लागेको बताउनुभयो । दोस्रो संस्करणको एभरेस्ट महिला भलिबल लिग भदौ २० देखि भदौ २८ गतेसम्म हुने छ।



लिगमा साविक विजेता कर्णाली यशवीससहित, गण्डकी थन्डर्स, चितवन शक्ति, ललितपुर क्विन्स, काडमाडौँ स्पाइकर्स र मधेश युनाइटेडको सहभागिता रहने छ।

# वर्ष एक खर्ब २० अर्ब राजस्व वृद्धि

दैनिक समाचारदाता


काठमाडौँ, १ साउन । आर्थिक वर्ष २०८१/०८२ मा ११ खर्ब ७८ अर्ब ८२ करोड रुपियाँ बराबर राजस्व सङ्कलन भएको छ।

आर्थिक वर्ष २०८०/०८१ को भन्दा यो १ खर्ब २० अर्ब बढी हो। प्रतिशतका आधारमा ११.३३ प्रतिशत वृद्धि हो।

आर्थिक वर्ष २०८०/०८१ मा १० खर्ब ५८ अर्ब राजस्व सङ्कलन भएको थियो।

आर्थिक वर्ष २०८१/०८२ मा १४ खर्ब १९ अर्ब राजस्व सङ्कलन गर्ने लक्ष्य थियो। अर्ध वार्षिक समीक्षामा संशोधन गरी १२ खर्ब ८६ अर्बको लक्ष्य तय गरिएको थियो।

संशोधित लक्ष्य अनुसार ९१.६० प्रतिशत राजस्व सङ्कलन




भएको छ। अर्थ मन्त्रालय राजस्व महाशाखा प्रमुख उत्तरकुमार खत्रीले विपद, अन्तर्राष्ट्रिय परिस्थितिले गर्दा चुनौती हुँदाहुँदै पनि अघिल्लो आर्थिक वर्षको तुलनामा उत्साहजनक रूपमा राजस्व सङ्कलन भएको बताउनुभयो।

उहाँले भन्नुभयो, 'तयारी सुरु गरिसकेका छौं। चालू आर्थिक वर्षमा राजस्व सङ्कलनको लक्ष्य पूरा गर्ने गरी अघि बढ्ने छौं।'

चालू आर्थिक वर्षमा १३ खर्ब १५रु अर्ब राजस्व सङ्कलनको लक्ष्य छ।

आर्थिक वर्ष २०७१/०७२ मा ४ खर्ब ५ अर्ब, २०७२ र ०७३ मा ४ खर्ब ८१ अर्ब, २०७३/०७४ मा ६ खर्ब ९ अर्ब, २०७४/०७५ मा ७ खर्ब २६ अर्ब, २०७५ र ०७६ मा ८ खर्ब २९ अर्ब राजस्व सङ्कलन भएको थियो।

त्यसैगरी २०७६/०७७ मा ७ खर्ब ९३ अर्ब, २०७७/०७८ मा ९ खर्ब ३५ अर्ब, २०७८/०७९ मा १० खर्ब ६६ अर्ब, २०७९/०८० मा ९ खर्ब ५७ अर्ब र २०८०/०८१ मा १० खर्ब ५८ अर्ब रुपियाँ सङ्कलन भएको थियो।

# एकै पटक ३७ वटा निर्माण कम्पनीको लाइसेन्स खारेज

दैनिक समाचारदाता

काठमाडौँ १ साउन। एकै पटक ३७ वटा निर्माण कम्पनीको लाइसेन्स (इजाजतपत्र) खारेज भएको छ। बिहीबार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले ३७ वटा कम्पनीको सूची सार्वजनिक गर्दै लाइसेन्स तोकिएको अवधिमा नवीकरण नगरेकाले स्वतः खारेज भएको जनाएको छ। निर्माण व्यवसाय ऐन २०५५ को दफा ५ को उपदफा ३ अनुसार यस्ता कम्पनीले आर्थिक वर्ष २०८१/८२ का लागि २०८१ चैत मसान्तसम्म निर्माण व्यवसाय लाइसेन्स नवीकरण गरिसक्नु पर्ने प्रावधान छ। तर सो अवधिमा नवीकरण गर्न नआएपछि स्वतः खारेज भएको मन्त्रालयले जनाएको छ।

गणपति ग्रुप अफ कन्स्ट्रक्सन प्रालि, त्रिपुरा कन्स्ट्रक्सन भ्याली स्टार बिल्डर्स प्रालि, पारिजात निर्माण सेवा, भ्याली कन्स्ट्रक्सन प्रालि लगायतको लाइसेन्स खारेज भएको छ।

# विपी राजमार्गः साउनभर राति १२ घण्टा बन्द

काभ्रेपलाञ्चोक, १ साउन। विपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोक-खण्डमा आजदेखि एक महिनासम्म राति १२ घण्टा यातायात सञ्चालनमा रोक लगाइएको छ। जिल्ला प्रशासन कार्यालय धुलिखेलले उक्त राजमार्गअन्तर्गत जिल्लाको काभ्रेभञ्ज्याङदेखि सिन्धुली-सीमा नेपालथोकसम्म एक महिनाका लागि रोक लगाइएको जनाएको छ।

कार्यालयले सार्वजनिक अपील गर्दै मनसुन सक्रिय रहेको अवस्थामा विपी राजमार्गमा बाढीपहिरोको सम्भावित जोखिम रहेकाले विपद्जन्य घटना हुनसक्ने भएकाले जोखिम न्यूनीकरणका लागि राजमार्गको उल्लेखित क्षेत्रमा आजदेखि साँझ ५ बजेदेखि विहान ५ बजेसम्म एक महिनाका लागि यातायात सञ्चालनमा रोक लगाएको जनाएको हो। काठमाडौँबाट जाने सवारीलाई जिल्लाको काभ्रेभञ्ज्याङ र काठमाडौँतर्फ आउने सवारीलाई सिन्धुलीको सिमाना नेपालथोकमै रोकिने प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले बताउनुभयो।

उहाँका अनुसार मनसुनजन्य विपद्बाट हुनसक्ने जोखिमलाई मध्यनजर गर्दै यसअघि काभ्रेपलाञ्चोक, सिन्धुली र रामेछाप जिल्लाको सुरक्षा समितिका पदाधिकारीको अन्तरजिल्ला समन्वय समितिको बैठकले गत असार ७ गतेदेखि विपी राजमार्गमा साँझ ६:३० बजेदेखि विहान ५ बजेसम्म करिब दश घण्टा १५ दिन तथा थप असार मसान्तसम्म सोही समयमा सडक सञ्चालनमा रोक लगाइएको थियो। यस अवधिमा काठमाडौँबाट जाने सवारीलाई काभ्रेपको काभ्रेभञ्ज्याङ र काठमाडौँतर्फ आउने सवारीलाई सिन्धुलीको खुर्कोटमा रोकिएको थियो।

बितेका एक हप्ताको समयमा बाढीपहिरोले करिब चार पटक उक्त राजमार्ग अन्तर्गत काभ्रेपलाञ्चोक-खण्डमा सडक अबरुद्ध भइसकेको छ। गतसाल असोजको बाढीपहिरोले विपी राजमार्गअन्तर्गत काभ्रेको चौकीडाँडादेखि सिन्धुलीको वर्षेखोलासम्मको आठ किलोमिटर सडकखण्डमा सडकनै बगाएका कारण खोलामा कतै एक्तर्फ, कतै दुईतर्फी यातायात सञ्चालन हुनेगरी अस्थायी सडक सञ्चालनमा ल्याइएको छ।

बाढीपहिरोले राजमार्गको कुल १६० किमीमध्ये तेस्रो खण्डअन्तर्गत सिन्धुलीको खुर्कोटदेखि नेपालथोकसम्म ३४ किमी र चौँथोखण्ड नेपालथोकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्म ५० किमी गरी ८४ किमी सडकको विभिन्न स्थानमा बढी क्षति पुऱ्याएको थियो। कार्यालयले क्षतिग्रस्त राजमार्ग स्थायी निर्माणका लागि चार खण्डमा ठेक्काको प्रक्रियामासमेत अघि बढाइरहेको छ। पूर्वीनेपाल जोड्ने छोटो दुरीका रूपमा रहेको उक्त राजमार्गबाट दैनिक हजारौँ यातायातका साधन आवतजावत हुने गर्छ। रासस


## भूमिसुधार तथा मालपोत कार्यालय धनुषाबाट प्रकाशित हक दाबि सम्बन्धि ३५ दिने सार्बजनिक सूचना

यसमा जिल्ला धनुषा साविक विसरभोडा गा.वि.स.वार्ड नं.८ हाल शहिद न.पा.वार्ड नं.८ मा बस्ने अवदलाल गाई यादवको नातिनी अनुरुद्ध गाई यादवको छोरी जुगल विराजीको पत्नी फुल कुमारी देवी विराजीको वुवा अनुरुद्ध गाई यादवको मिति २०६८/१२/२८ गते प्रलोक भइसकेको र आमा दराश देवी गाईको पनी मिति २०७९/०२/२५मा निधन भईसकेकोले निज मृतकहरुको शेषपछीको हक अपुताली खाने बेहोर्ने सबभन्दा नजिकको हकदार मृतकका १ (एक) मात्र विवाही छोरि फुल कुमारी देवी विराजी वाहेक छोराको जाय जम्म नभएकोले मृत्कको अनुरुद्ध गाई यावको नाउमा दर्ता कायम रहेको तपसिल वमोजिमको जग्गा निवेदिका फुल कुमारी देवी विराजीको नाउँमा एकलौटी नामसारी गरी पाउँ भनी माँग निवेदन भएको र सोही अनुसारको शहिदनगर पालिका ८ नं. वडा कार्यालय को च.न.५९८ मिति २०८२/०१/२८ गतेको वडा मुचुल्का सहितको सिफारिस भै आएको र सोही अनुसार को सनाखत भएको। यसमा जग्गा धनी अनुरुद्ध गाई यादवको मृत्यु पश्चात हकखाने यि निवेदीका वाहेक अन्य कोही हकखाने हकदार भएको भए वा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने वा यि निवेदीकाको नाउँमा जग्गा नामसारी हुन नपर्ने कुनै कारण भए, यो सूचना प्रकाशित भएको मितिले ३५ पैतिस दिन भित्र आफुसँग भएको सवुत प्रमाण लिई दावि उजुरि गर्न यस कार्यालयमा आउनु होला। म्याद भित्र दावि उजुरी नपरी म्याद समाप्त भए पछी कानून वमोजिम मु.दे.स.२०७४ को परिछेद ११को दाफा २३९ (१) वमोजिम भई जाने व्यहोरा सवैमा यसै सूचना द्धारा सुचित गरिएको छ।

तपशिल

| जिल्ला | गा.वि.स. | वार्ड नं. | कि.नं. | क्षे.फ. | कैफियत |
|---|---|---|---|---|---|
| धनुषा | हरिने | ८ क | ७१ | ०–८–१०–० | |


अब अनलाइनबाट बुकिङ्गको सुविधा



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्वन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035



- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्गजैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४